सुदूरपश्चिम प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी,कैलाली,नेपाल

प. सं.:- २०७९/०८०

च. नं.:-

## आ .व.२०७९/ ०८० सार्वजनिक खरिद कार्य लागि मौजुदा सूचीमा दर्ता गर्न निवेदन दिने बारे सार्वजनिक सूचना

२०७९/०४/०१

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम १ अनुसार सार्वजनिक निकायले गर्ने खरिदको प्रस्ताव माग गर्ने प्रयोजनका लागि मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपी संलग्न अनुसूची २(क) बमोजिमको ढाँचामा यस मन्त्रालयमा निवेदन दिनु हुन सबैको लागि सूचित गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र
ख) स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र
ग) कर चुक्ता प्रमाणपत्र (आ.व. २०७८।७९)
घ) आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र

**मौजुदा सूचीमा दर्ता हुन चाहेको खरिदको प्रकृति**

| क्र.सं. | सूचिकृत गर्नुपर्ने कार्यहरु | समूह | खरिद तथा आपूर्तितर्फ |
|---|---|---|---|
| १ | मालसामान आपूर्ति | क | कार्यालयको दैनिक कार्य प्रयोजनका लागि आवश्यक स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्न |
| | | ख | छपाई, पत्रपत्रिका आपूर्ति तथा विज्ञापन, सूचना प्रकाशन तथा प्रसारण |
| | | ग | इलेक्ट्रोनिक तथा विद्युतीय उपकरणका सामानहरु (टेलिफोन, कम्प्युटर, प्रिन्टर, हिटर, पङ्खा, फोटोकपी मेसिन, एयर कण्डिसन, टेलिभिजन, फ्यान, युपिएस) आदि जस्ता सामानहरु आपूर्ति गर्न |
| | | घ | कार्यालयको लागि आवश्यक फर्निचर तथा फर्निसिङक सामानहरु आपूर्ति गर्न |
| | | ङ | ग्यास, पेट्रोल, डिजल, मट्टितेल, लुब्रिकेन्ट, दाउरा, कोइला, इन्भरटर, ब्याट्री, सोलार, उपकरण आदि |
| २ | सार्वजनिक निर्माण कार्य | क | सबै किसिमका सार्वजनिक निर्माण कार्य र निर्माणसंग सम्बन्धित मर्मत संभार गर्नु पर्ने खालका कार्यहरु |
| ३ | परामर्श सेवा, खरिद, इन्धन तथा अन्य आपूर्ति सम्बन्धि | क | कम्प्युटर तथा सूचना प्रविधी, सफ्टवेयर निर्माण सम्बन्धि कार्यहरु |
| | | ख | अध्ययन अनुसन्धानसँग सम्बन्धित परामर्श योग्य कार्यहरु लगायत अन्य परामर्शसँग सम्बन्धित कार्यहरु |
| ४ | अन्य सेवा | क | मालसामान आपूर्ति परामर्श सेवा र सार्वजनिक निर्माण कार्य वाहेक सवारी साधन उपकरण वा मालसामान भाडामा लिने ढुवानी गर्ने वा मालसामान मर्मत सम्भार गर्ने प्रकृतिको कार्यहरु |

नोटः

१. मौजुदा सूचीमा दर्ता हुन चाहनेले अनुसूची २(क) को फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ । यस अघि यस मन्त्रालयमा निवेदन दिएकाहरुले अनुसूची २(क) अनुसारको फाराम नभरेको भए सो भरेर बुझाउन समेत सूचित गरिएको छ ।

२. प्राप्त निवेदनमा जाँचबुझ गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (२) अनुसार अनुसूची २(ख) बमोजिमको निस्सा प्रदान गरिनेछ ।

शाखा अधिकृत